# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

**प्रेस-नोट**

**आमसञ्चारका माध्यममा तत्काल उपयोगका लागि**

**२०७२ भदौ २४ गते**

**टीकापुर घटनाको पुनरावृत्ति हुन नदिन आग्रह**

राष्ट्रिय मानव अधिकार आयोगले कैलालीको टीकापुरमा भएको घटनाको सम्बन्धमा गरेको अनुगमनबाट एसएसपी लक्ष्मण न्यौपानेसहित ८ जना प्रहरीको प्रदर्शनकारीहरूद्वारा घरेलु हतियार प्रयोग गरी हत्या गरेको पाइएको छ । सामाजिक सदभाव बिग्रन नदिन थरुहटका कार्यकर्तालाई आग्रह गर्दैगर्दा एसएसपी न्यौपानेसहित ८ जनालाई घरेलु हतियार भाला, खुकुरी र बन्चरो प्रयोग गरेर हत्या गरिएको पाइएको छ । आफनै घरआगनमा बसिरहेको समयमा खेतबारीबाट गोली प्रहार भई डेढ वर्षीय दुधे बालकको मृत्यु भएको अनुगमनका कममा पाइएको छ ।

प्रहरीतर्फबाट प्रदर्शनकारीहरूमाथि अश्रुग्याँस र गोली प्रहार हुन थालेपछि आक्रोशित हुँदै प्रदर्शनकारीहरूले प्रहरीको हत्या गरेको बुझिएको छ । जोशीपुर गाविसबाट आएका आन्दोलकारीहरूमा तत्कालीन नेकपा माओवादीका पूर्व लडाकुहरू पनि समावेश भएको बुझिएको छ । आन्दोलमा अधिकांश युवा उमेर समूहका व्यक्तिहरू सहभागी रहेको बुझिएको छ । जिल्ला प्रशासन कार्यालय कैलालीमा भदौ ६ गते भएको सर्वपक्षीय भेलाले आन्दोलन शान्तिपूर्ण र मर्यादित बनाई सामाजिक सद्भाव कायम गर्ने भनी प्रशासन र आन्दोलनकारीवीच सहमति भए पनि सो सहमति कार्यान्वय नभएको पाइएको छ । घट्ना घटिसकेपछि भदौ ८ गते सभासद् एवम् सर्वसाधारणको घरसम्पत्तिमा आगो लगाउने कार्य सुरक्षा सम्वेदनशीलता विपरीत देखिन्छ । घट्नाको निष्पक्ष छानवीन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन, सर्वसाधारण नेपाली जनताको सुरक्षा गर्न, मृतक परिवारलाई उचित राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन, घाइतेहरूको उपचारको उचित व्यवस्था मिलाउन र यस किसिमको घट्ना पुनरावृत्ति हुन नदिने तर्फ सजग रहन आयोग, नेपाल सरकार र आन्दोलनरत पक्षको ध्यानाकर्षण गराउँदछ ।

आयोगले घट्नासँग सम्बन्धित पोष्टमार्टम रिपोर्ट लगायत बिस्तृत विवरण नेपाल प्रहरी र प्रशासनसँग माग गरिसकेको छ । थरुहट/थारुवान सङ्घर्ष समिति एवम् अखण्ड सुदूर पश्चिम् आन्दोलन परिचालन समितिसँग समेत घट्नासम्बन्धी यथार्थ विवरण उपलब्ध गराउन आयोगले पत्राचार गरेको छ । आयोगद्वारा घट्नाको सम्बन्धमा थप अनुसन्धानसमेत भइरहेको छ । यसको साथै लामो समयदेखि कर्फ्यूको कारण आम नागरिकको दैनिक जनजीवन कष्टकर हुँदै गइरहेको, पेशा, व्यवसाय एवम् रोजगारीमा समेत प्रतिकूल असर परिरहेकोले त्यसको समाधान खोज्न पनि आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता